# कटहरिया नगरपालिका
# नगरसभा
# २०७८।०७९
# नीति तथा कार्यक्रम र बजेट वक्तव्य

यस समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथिहरु,
विभिन्न राजनीतिक दलका अध्यक्ष एवं प्रतिनिधिज्यू, उप-मेयरज्यू, वडा अध्यक्षज्यूहरु,
नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु,
सुरक्षा निकायका प्रमुखज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु एवं पत्रकार मित्रहरु,
एवं अन्य अतिथि गण,

कटहरिया नगरपालिकाको पाँचौनगर बजेट अधिवेशनमा पाल्नु भएका सम्पूर्णलाई हार्दिक स्वागत गर्न चाहन्छु । कोरोना भाईरस (कोभिड-१९) को दोस्रो लहरको यस प्रतिकुल समयमा आम नगरवासीको ज्यानको रक्षा गर्दै नगरको आर्थिक, सामाजिक एवम् भौतिकलगायतका विकास कार्यलाई निरन्तरता दिन कटहरिया नगरकार्यपालिकाको तर्फबाट म यस गरिमामय सभामा आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नको लागि उभिएको छु । यस ऐतिहासिक सभामा सर्वप्रथम, लोकतान्त्रिक आन्दोलन, महान जनयुद्ध, समाजिक तथा मुक्ति आन्दोलन लगायत मुलुकको परिवर्तनको लागि भएका हरेक संघर्षका दौरान सहादत प्राप्त गर्ने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात अमर सहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै घाईतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु । विश्वव्यापी महामारीको रुपमा रहेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट ज्यान गुमाउनु भएका सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमितको शीघ्र स्वास्थ्य लाभको कामना सहित यस महामारीको विरुद्धमा अग्रमोर्चामा रही संघर्षरत सबैमा उच्च सम्मान एवं धन्यवाद ज्ञापन गर्दछु ।

सम्पूर्ण मानव सभ्यतामाथि नै एउटा संकटको रुपमा देखा परेको कोरोना भाईरस (कोभिड -१९) का कारण विश्वभर लाखौं मानिसले ज्यान गुमाउन पुगेका छन् । नेपालमा पनि कोरोनाका कारण हजारौं नागरिकले ज्यान गुमाउनुपरेको तपाई हामीले देखिरहेकै छौं । अहिले कोरोना महामारीको दोस्रो लहरको यस चरम संकटपूर्ण अवस्था एवं लकडाउनका बीच निर्माण गरिएको आगामी आ.व. को यस बजेटको प्रमुख लक्ष्य कोरोना संक्रमण नियन्त्रण गर्नु, नगरवासीको ज्यानको रक्षा गर्नु र प्रतिकुल परिस्थितिमा समेत जनआकाक्षा अनुरुप विकास कार्यलाई निरन्तरता दिनु हो । कोरोना नियन्त्रणका लागि हालसम्मको उच्चतम विकल्पको रुपमा रहेको खोप लगाउने कार्यलाई उच्च प्राथमिकतामा राखेको छु । यसका अलावा कोरोना महामारी रोक्न जारी रहेको हाम्रो हरेक प्रयासलाई निरन्तरता दिनेछौं ।

केही वर्ष अगाडी मात्र संघीय राज्य प्रणालीको रुपमा स्थापित यस नगरपालिकालाई सञ्चालन गर्न भौतिक पूर्वाधार, कानुनी पूर्वाधार, जनशक्ति एवं शासकीय व्यवस्थापनको कार्य शुन्यबाट सुरु गर्नुका साथै लामो समयदेखि अविकासित, पछौटेपन र विभेदको सिकार भएका कटहरिया नगरवासीको अपेक्षा अनुरुप विकास कार्यलाई अगाडी बढाउनु पर्ने चुनौतिको सामना गरिरहेकै अवस्थामा नितान्त नयाँ तर भयानक चुनौतिको रुपमा आइपुगेको कोरोना भाइरस महामारीले हामी माझ थप जटिलता उत्पन्न भएको छ । राष्ट्रिय स्तरमा रहेको असहज राजनीतिक परिस्थितिका कारण समेत स्थानीय स्तरमा समस्या निम्त्याइरहेका छन् । यी जटिलताका बाबजुद पनि यस नगरपालिकाको भौतिक, आर्थिक एवं सामाजिक पूर्वाधार निर्माणको क्षेत्रमा उल्लेखनीय कार्यहरु भएका छन् । र जटिल परिस्थितिको सामना गर्न साथ दिदै आएका राजनीतिक दल, जनप्रतिनिधि, संघ संस्था, प्रशासन, सुरक्षा निकाय, संघसंस्था तथा आम जनसमुदायलाई धन्यवाद ज्ञापन गर्दै अहिलेको चुनौतिपूर्ण समयमा सक्रिय सहयोग र ऐक्यबद्धता रहनेछ भन्ने आशा र विश्वास लिएको छु ।

यो नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा समग्रमा अहिलेको वर्तमान परिस्थति, तरल राजनीतिक अवस्था, कोरोना भाइरसको महामारीबाट सृजित सबैखाले जटिलता एवं चुनौतिहरूलाई मध्यनजर गर्दै नगरवासीको चाहना, भावना र मागको आधारमा हामीसँग उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गरी नेपालको संविधान र ऐन कानुनले दिएको क्षेत्राधिकारभित्र रही जनप्रतिनिधि, नागरिक समाज एवं अगुवाहरुको राय सुझावलाई समेत मार्गदर्शनको रुपमा लिएको छु ।

देशमा परिवर्तनका लागि हरेक मोडमा महत्वपूर्ण योगदान गरेको गौरवशाली ईतिहास बोकेको कटहरिया नगरवासीकै बलमा नगर विकासको एउटा नयाँ उचाईमा पुगेको छ । नगरवासीको दृढ ईच्छाशक्ति एवं कटहरियालाई हाम्रै पालामा देशको एक नमुना नगर बनाउन सकिन्छ भने आत्मविश्वाश नै हाम्रो ताकत हो । हिजो सामन्तवादको निरन्तरको शोषण, उत्पीडन र दमनबाट आजित कटहरियाको निम्न वर्गको नेतृत्वमा विकास र सामाजिक उत्थानको दिशामा सफलतापूर्वक अगाडी बढीरहेको विषय घोर प्रतिक्रियावादी शक्तिहरुले स्वीकार गर्न नसकेको अवस्था छ । नगरपालिकाको विकास कार्यक्रम तथा गरिब निमुखा जनताको हितका कार्यक्रम र गतिविधिहरुलाई प्रभावित गर्न विभिन्न किसिमका बाधा, अडचन तथा दुस्साहस गर्नुका साथै एकीकृत एवं दीर्घकालीन विकासमा नगरपालिका केन्द्रीत हुँदा अन्य शीर्षकमा बजेटको सीमितताका विषयलाई गलत प्रचार प्रसार गर्न खोज्नेहरुलाई न्यायप्रेमी जनता र यहाँका जनप्रतिनिधिहरुले विफल पारेका छौँ ।

निरन्तर संघर्षशिल यात्रा र नेतृत्वलाई अभाव, दवाव, प्रभावमा पार्न नगरका सदस्य तथा वडा अध्यक्षहरुलाई विभिन्न प्रलोभनमा पारी नेतृत्वलाई असफल बनाउन र समयमा नगरसभा हुन नदिन विभिन्न प्रपंञ्चहरु रचिएका र नगरपालिकाका कामकारवाहीलाई ठप्प पार्न कार्यालय प्रमुखलाई निलम्वन गरिने जस्ता सृजित समस्याको सामना गरी चालु आ.व. २०७७०७८ को नगरसभा ढिला गरी सम्पन्न भएको यहाँहरु सबैलाई जानकारी नै छ । साथै हामी बिच रहेको कोरोना भाइरसको महामारी तथा

मुलुकमा जारी लामो लकडाउनका कारण चालु आ.व. को बजेट खर्च केही हदसम्म प्रभावित हुनगएपनि नगरमा विकास निर्माणका कार्य भने तीव्रताका साथ निरन्तर अगाडि बढ्दै छ ।
**"सडक सञ्जालको विकास, समृद्धिको आधार"** भन्ने हाम्रो लक्ष्यका साथ हामीले नगरमा आन्तरिक सडक सञ्जाललाई विस्तार गर्नुका साथै नगरलाई राजमार्गहरुसँग जोड्न विभिन्न सडकहरुलाई कालोपत्रे तथा ढलान गरिएका छन्, नगरमा क्रमशः कच्ची सडक मुक्त बन्दै गएको छ । मधेशकै नमुनाको रुपमा सञ्चालित खानेपानी आयोजना मार्फत प्रशोधित खानेपानीको व्यवस्था भएको छ । नगरबाट निःशुल्क पानी तथा उन्नत जातको बीउ पाएर किसानहरुलाई राहत भएको छ । नगरबाट सञ्चालित विभिन्न सीपमूलक व्यवसायिक तालीम मार्फत महिला तथा युवाहरु स्वरोजगार बन्ने अवसर पाएका छन् । नगरको ७ वडालाई धुँवाचूल्हो मुक्त बनाएका छौं भने वर्षाको पानी स्टोर गर्न साढे ५६ करोड लागतको महत्वकाँक्षी आयोजना स्ट्रोम ड्रेनेज निर्माणमा नगरपालिकाले आफ्नो आर्थिक सहभागिता सहित कार्य तीव्रतामा महत्वपूर्ण भुमिका निर्वाह गर्दै आएको छ ।

कोरोनाको जोखिम व्यवस्थापन तथा न्युनीकरणमा जिल्लामा नै सबभन्दा उत्कृष्ट रुपमा यो नगरपालिकाले भुमिका खेलेको छ । कृषि क्षेत्रका विकासका लागि महत्वपूर्ण आयोजनाको रुपमा रहेको ४१ करोड लागतमा छेदी चोकमा कोल्ड स्टोर निर्माण तथा कृषि बजारीकरण कार्यले तीव्रता पाएको छ । साथै जनता आवासकोलागि १३ वटा २ तले घर निर्माणको कार्यको टेन्डर भएको छ । कटहरिया बजारमा व्यवस्थित भौतिक पूर्वाधार विकास निर्माण कार्य अगाडि बढ्दै छ । स्वास्थ्य सेवामा गुणात्मक सुधार ल्याउँदै नगर क्षेत्रमै पहिलो पटक ईमरजेन्सी सेवा संचालन भएपछि नगरवासी तथा छिमेकी नगरवासीको उपचारमा सहज पहुँचभएको छ । यसै आ.व. मा १५ बेडको अस्पताल निर्माण कार्य प्रारम्भ भइसक्नेछ जसको शिलान्यास समेत भइसकेको छ । प्राथमिक स्वास्थ्य केन्द्र कटहरियामा सुरक्षित बर्थीङ्ग गराउनका लागि ३ कोठे भवन निर्माण गरिएको छ । कटहरिया न.पा. ३ बीर्तिमा बर्थीङ्ग सेन्टरकालागि भवन निर्माण तथा कम्पाउन्ड वाल निर्माण गरिएको छ । अनलाईन एवं एफ.एम. लगायतका माध्यममार्फत कक्षा सञ्चालन गरी विद्यार्थी भाईबहिनीको पठनपाठन अगाडी बढाइएको छ ।

नगरभित्र ९ वटै वाडमा स्वास्थ्य चौकी संचालन भई स्वास्थ्य सेवा विस्तार भएको छ । आयुवेद अस्पताल समेत सञ्चालनमा छ । सामुदायिक विद्यालयमा बालबालिकाको भर्ना बढेको छ । नेपालको गौरव राष्ट्रिय विभुती माता सीताको जन्म उत्सव (जानकी जयन्ती) सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यूको प्रमुख आतिथ्यमा कटहरीयामा भव्यताका साथ आयोजना गयौ । जसले माता सीताको नाम विश्वस्तरमा चिनाउनुका साथै जानकी जयन्ती मनाउन थालिएको छ, यो कुरा कटहरीयाको लागि गौरवको विषय हो ।

## गत आ.व.२०७७/०७८ को बजेट समिक्षा निम्नानुसार रहेको छ ।

| क्र.स | | विवरण नाम | जम्मा निकासा रकम | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| **१.** | **नेपाल सरकारबाट प्राप्त रकम :** | | | | |
| | १.१. | वित्तीय समानिकरण अनुदान | रु.११,७३,००,०००।- | रु.११,७३,००,०००।- | १००% |
| | १.२. | शशर्त अनुदान | रु.१८,६३,००,०००।- | रु.१८,६३,००,०००।- | १००% |
| | १.३. | विशेष अनुदान | रु.६०,००,०००।- | रु.६०,००,०००।- | १००% |
| | १.४. | समपुरक अनुदान | रु.४८,००,०००।- | रु.४८,००,०००।- | १००% |
| | **नेपाल सरकारबाट प्राप्त जम्मा अनुदान रकम** | | **रु.३१,४४,००,०००।-** | **रु.३१,४४,००,०००।-** | १००% |
| **३.** | **प्रदेश सरकारबाट प्राप्त रकम :** | | | | |
| | ३.१. | वित्तिय समानिकरण | रु.७३,६६,०००।- | रु.७३,६६,०००।- | १००% |
| | ३.२. | सर्शत अनुदान | रु.८०,००,०००।- | रु.८०,००,०००।- | १००% |
| | ३.३. | विशेष अनुदान | रु.३०,००,०००।- | रु.३०,००,०००।- | १००% |
| | ३.४. | समपुरक अनुदान | रु.२०,००,०००।- | रु.२०,००,०००।- | १००% |
| | **प्रदेश सरकारबाट प्राप्त जम्मा अनुदान रकम :** | | **रु.२,०३,६६,०००।-** | **रु.२,०३,६६,०००।-** | १००% |
| ४. | नेपाल सरकारबाट राजश्व बाँडफाडबाट प्राप्त अनुदान | | रु.७,९७,०२,४६०।- | रु.७,९७,०२,४६०।- | १००% |
| ५. | आन्तरिक श्रोत जिल्ला समन्वयबाट | | रु.२०,००,०००।- | ................... | ........ |
| ६. | आन्तरिक श्रोत | | रु. ३,५६,०५,०६२।३८ | रु. ३,५६,०५,०६२।३८ | १००% |
| ७. | जन सहभागिताबाट | | रु.४,००,०००।- | रु.४,००,०००।- | १००% |
| | | **जम्मा** | **रु.४५,२४,७३,५२२।३८** | **रु.४५,०४,७३,५२२।३८** | |
| ८. | **गत आ.व. २०७७।०७८ को खर्च हुन नसकेको अनुमानि बाँकी हुने रकम रु. २०,००,०००। हो, जुन रकम नगरपालिकाको संचित कोषमा नै नआएकोले कोषमा भएको आ.व. २०७७।०७८ को विनियोजित रकम असार मसान्त सम्ममा सतप्रतिशत खर्च हुने अनुमान गरिएकोछ ।** | | | | |

## आ.व.२०७८/०७९ को बजेट श्रोत

आन्तरिक बजेट श्रोतको रुपमा यस नगरपालिकाको सञ्चित कोषमा नेपाल सरकारबाट प्राप्त अनुदान संघीय वित्तीय समानिकरण रु.१२,०४,००,०००.००, संघीय शशर्त अनुदान रु. १५,८६,००,०००.००, संघीय शशर्त पूँजिगत अनूदान रु.३,६०,००,०००.००, संघीय समपूरक अनूदान रु. ५१,००,०००.०० र संघीय विषेश अनूदान रु. १,२०,००,०००.०० गरी जम्मा **रु. ३३,२१,००,०००.००,** संघीय राजश्व बाँडफाडबाट रु. ८,०२,६०,०००.००, प्रदेश समानीकरण अनूदान रु. ८२,६२,०००.०० र आन्तरिक श्रोतबाट रु. ७०,००,०००.०० गरी कुल जम्मा रकम रु.**४२,७६,२६,०००.००** को सिमा भित्र रही आ.व.२०७८।०७९ को निति ,कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको छ ।

सभा अध्यक्षज्यू,

प्रस्तुत बजेटले कोरोना भाइरस (कोभिड-१९) महामारीबाट नागरिकको जीवन रक्षा गर्दै सामाजिक न्याय सहित पूर्वाधार विकासमा जोड दिएको छ । आम नगरवासीलाई कोरोना महामारीबाट बचाउन खोप लगाउने कार्यलाई उच्च प्राथमिकतामा राखी कोरोना संक्रमणबाट प्रत्यक्ष प्रभावित नागरिकलाई

राहत सहयोगमा ध्यान दिदै आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास मार्फत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. आर्थिक विकासतर्फ,

क. कृषि

- कृषकहरुको आर्थिक स्तर उकास्न व्यवसायिक खेतीको लागी विद्युत मिटर जडान गरी सिचाई गर्दा उठेको विद्युत महसुलको सतप्रतिशत रकम विगत दुई वर्षदेखि यस नगरपालिकाले भुक्तानी गर्दै आएकोमा आगामि आ.व.मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै नगरवासी लाई आर्थिक समानतामा टेवा पुग्ने उद्देश्य राखी घर उज्यालो राख्न उठेको घर मिटरको २० यूनिट सम्मको विद्युत महसुल नगरपालिकाले व्यहोर्ने छ ।
- कृषिमा राम्रो उत्पादनको लागि माटो परिक्षण तथा उन्नत जातका धानको बिउ निशुल्क वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वर्षमा तीन वाली तथा व्यवसायिक खेती गर्ने किसानलाई अनुदानको व्यवस्था गरेको छु ।
- व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।
- कृषकको उत्पादन वस्तुको विक्रीदरलाई सन्तुलित राख्न छेदी चौकमा निर्माणाधीन चिस्यान केन्द्र (कोल्ड स्टोर) सहितको बजारीकरणको कार्यलाई छिट्टै सम्पन्न गर्न जोड दिइनेछ ।
- किसानलाई सहज र सस्तो मलखाद उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- आधुनिक र व्यवसायिक फर्म संचालन गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति लिएको छु ।

**ख. पशुपक्षी र मत्स्य**

- पशुपालन व्यवसायलाई बढावा दिन नगरलाई पशुपालन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । गाईवस्तुलाई पर्याप्त चरनका लागि लालबकैया नदीको किनारमा रहेको चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ ।
- नगरलाई दुधमा आत्मनिर्भर बनाउन गाई र भैसी पालनका उन्नत जातको भैसी खरीद गर्ने प्रत्येक परिवारलाई रु. २५ हजार तथा उन्नत जातको गाई खरीद गर्नेलाई रु. १५ हजार अनुदानको व्यवस्था गरेको छु ।
- दलित, विपन्न, विधवा र शहीद परिवारको आर्थिक उपार्जनमा सहयोग हेतु प्रत्येक परिवारलाई उन्नत जातको बाखा अनुदान दिइनेछ । बाखा पालनमा अनिच्छुक परिवारलाई निजले गर्न चाहेको वा गरिरहेको व्यवसायसँग मिल्ने अन्य सामाग्री वा रु. १० हजारसम्मको आर्थिक अनुदान उपलब्ध गराइनेछ ।
- पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरु विरुद्ध भ्याक्सीन लगाउने कार्यक्रलाई निरन्तरता दिइएको छ ।
- परम्परागत बोका, भैंसा, साँढेलाई विस्थापित गरी कृत्रिम गर्भधारण ए.आई. द्धारा पशु नश्ल सुधार कार्यक्रमलाई अगाडि बढाईने छ ।

- गाई र भैसी जस्ता दूग्ध जन्य पशुको सुत्केरी स्यहार भत्ता स्वरुप दिदै आएको अनुदान रकममा एक तिहाई वृद्धि गरी रु २ हजार पुऱ्याएको छु ।
- माछा मासुको विक्री वितरणलाई स्वच्छ र सफा राख्न विशेष व्यवस्था गरिनेछ । बजार क्षेत्रमा वधशाला निर्माणका लागि जोड गरिनेछ ।
- पशुपंक्षी तथा माछा पालन व्यसायलाई बढावा दिईने नीति अपनाइनेछ ।व्यवसायिक रुपमा पशुपंक्षी एवं माछापालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाइनेछ ।
- दुग्ध खरिदको ग्यारेन्टी गर्न नगरभित्र दुग्ध चिस्यान केन्द्र निर्माण गरी संचालन गर्ने उद्यमीलाई अनुदान दिइनेछ ।

## ग. भुमि व्यवस्था तथा सहकारी

- भुमिसम्बन्धी समस्या समाधान तथा भुमिहीन सुकुम्वासीलाई जग्गा प्रदान गरिनेछ ।
- नगरक्षेत्रमा रहेको ऐलानी सार्वजनिक जग्गालाई संरक्षण तथा सदुपयोगको नीति लिइनेछ ।
- सहकारी संस्थाहरुको नियमन गरी हकारी मार्फत हुने विक्रि वितरणलाई व्यवस्थित र पारदशी बनाइनेछ ।
- कृषि सहकारी र ऋण तथा बचत सहकारी संस्थाहरुलाई प्रोत्साहन र नियमन गरिनेछ ।
- नेपाल सरकारबाट स्वरोजगार तथा गरिबी निवारणको उद्देश्यमा केन्द्रित रही नयाँ सहकारी संस्था दर्ता र संचालनमा ठोस कार्यक्रम ल्याइनेछ ।

## घ. पर्यटन तथा संस्कृति

- कटहरियाबाटै मनाउन सुरुवात भएको सिता माताको जन्म उत्सव (सिता जयन्ती) यस वर्ष पनि भव्यताका साथ मनाइनेछ ।
- नगर क्षेत्रभित्र रहेका ऐतिहासिक पुरातात्विक धरोहरहरु एवं परम्परागत रुपमा निर्मित मठ मन्दिर, मस्जिदहरुको संरक्षण र प्रवद्धन गरिनेछ ।
- कटहरियाको प्रसिद्ध खानाको परिकार **"कटिया"** को राष्ट्रियस्तरमा प्रचारप्रसार गर्दै कटहरियालाई **"फुड टुरिज्म हब"** को रुपमा विकास गर्ने नीति लिइनेछ ।
- पर्यटन विकासका लागि अन्य पूर्वाधार निर्माणमा समेत ध्यान दिइनेछ । गाउँले जीवन, संस्कृत, खानपीन लगायतका विशेषताका कारण कटहरियामा **"ग्रामीण पर्यटन"** विकासको प्रचुर सम्भाव्यता रहेकोले यसका लागि गुरु योजना तयार गरिनेछ ।
- धर्म-संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै धार्मिक-सांस्कृतिक क्षेत्रमा राज्यको भुमिकालाई अझ प्रभावकारी बनाउन नगरपालिकाले यस नगरभित्र हुने सार्वजनिक पर्व, मेला एवं महोत्सवहरुमा निम्नानुसार आर्थिक सहयोगको नीति लिइनेछ ।
    - छठघाट सजावटको लागि प्रत्येक टोलमा रु. ५० हजारदेखि रु. १ लाखसम्म,
    - ब्रह्मबाबाको पुजाको लागि प्रत्येक गाउँमा रु. २५ हजार,
    - सरस्वती पुजाको लागि प्रत्येक मा.वि.मा रु. ५० हजार, आधारभुत प्रा.वि.मा रु. २५ हजार र प्रा.वि. मा १५ हजार,

- जानकी जयन्ती, लगायतको अन्य महोत्सवका लागि रु. ५ लाख देखि १० लाखसम्म,
- प्रत्येक मेला व्यवस्थापनका लागि रु. १ लाख देखि रु. २ लाखसम्म,
- मुश्लिम धर्मावलम्वीहरुको ईद, बकरीदमा आर्थिक सहयोग गरिनेछ । यस कार्यका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

➢ नगरभित्र रहेका मठ मन्दिरहरुमा टेलिभिजन जडान गरिनेछ । साथै, सांस्कृतिक समूह एवं किर्तन मण्डलीलाई प्रोत्साहन गर्न अनुदान स्वरुप वाद्यवादन लगायतको सामग्री वितरण गरिनेछ ।

➢ दाह संस्कार स्थललाई सुरक्षित र पवित्र राख्न व्यवस्थित मसानघाट, कब्रस्थान निर्माणमा जोड दिइनेछ ।

**ङ. उद्योग, वाणिज्य तथा वित्तिय**

➢ घरेलु उद्योगहरुलाई नियमन गरिनेछ । नगरभित्रको उद्योग व्यवसायलाई प्रोत्साहन गर्न विशेष अनुदानको व्यवस्था गरेको छु ।

➢ नगरभित्र औद्योगिक विकासका लागि विशेष क्षेत्र निमाणका लागि विशेष पहल गरिनेछ । नगरभित्र उद्योग स्थापना गर्न चाहने व्यक्ति तथा संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

➢ नगरभित्र वित्तिय संस्थाहरुको स्थापना एवं प्रोत्साहनमा जोड दिइनेछ ।

**२. सामाजिक विकासतर्फ**

**क. शिक्षा तथा खेलकुद**

➢ गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन, अध्यापन प्रणालीलाई प्रवर्द्धनलाई प्राथमिकता दिँदै प्रत्येक सरकारी तथा सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयको संस्थागत सुधार तथा भवन निर्माण कार्यलाई निरन्तरता दिएको छु ।

➢ विद्यार्थीको बढ्दो चापले जनशक्तिको अभाव देखिएको समस्यालाई समाधान गर्दै नगरपालिकाले आफ्नो स्रोतबाट तलबभत्ता दिनेगरी विभिन्न तहका २० जना शिक्षक थपिनेछ ।

➢ कटहरिया नगरपालिकाको भौगोलिक क्षेत्रभित्रबाट विर्ता प्रहरी स्कूलमा पढ्ने विद्यार्थीहरुलाई सात वर्ष सम्म यातायात भाडामा ५० प्रतिशत छुट दिने सम्झौता कार्यान्वयन गर्न विर्ता प्रहरी स्कुललाई एउटा स्कूल बस प्रदान गरिनेछ ।

➢ कोरोना भाइरस (कोभिड-१९) महामारी र लकडाउनले बन्द शैक्षिक संस्थाहरुमा अनलाईन, एफ.एम. रेडियो लगायतका वैकल्पिक प्रणाली मार्फत भइरहेको अध्ययन अध्यापनलाई थप व्यवस्थित गरिनेछ ।

➢ बाल विकास शिक्षकहरु, खरिदार सरहको शिक्षक र पियनलाई पाईरहेको तलवमा प्रोत्साहन स्वरुप मासिक रु.२००० दिइनेछ ।

➢ नगर भित्रका सम्पुर्ण विद्यालयको रगंरोगनलाई एकरुपता ल्याउन मर्मत, सम्भार तथा रगंरोगन कार्यको लागि आवश्यक रकम छुट्याइनेछ ।

- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय जाने वातावरण बनाउन बालमैत्रि शिक्षामा जोड दिइनेछ ।
- कटहरीयामा प्राविधिक शिक्षालय निर्माणमा जोड दिइनेछ ।
- नगरलाई साक्षर बनाउने साक्षरता कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
- नगरमा ई-लाइब्रेरी सहितको आधुनिक पुस्तकालय निर्माणका लागि पहल गरिनेछ ।
- प्रत्येक वडामा एक खेल मैदानको नीति लिइनेछ ।
- नगरभित्र राष्ट्रियस्तरको खेल मैदानको लागि विशेष पहल गरिनेछ ।
- परम्परागत खेलकुदलाई लोप हुन नदिन समय सापेक्ष विकास गर्दै सम्वर्द्धनको नीति लिइनेछ । युवाहरुलाई खेलकुदप्रति आकर्षित गर्न क्रिकेट लगायतका खेल प्रतियोगिताको आयोजना गरिनेछ ।

**ख. स्वास्थ्य**

- १५ सैय्याको अस्पताल भवनको निर्माण कार्य यसै वर्ष शुरु गरिनेछ ।
- कोरोना महामारीबाट सुरक्षित बनाउन यसै वर्ष सम्पूर्ण नगरवासीलाई कोरोना खोप दिलाउन विशेष पहल गरिनेछ ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वडाहरुमा व्यवस्थित स्वास्थ्य चौकी भवन निर्माणको कार्यलाई विस्तार गरिनेछ ।
- कटहरिया प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्दै थप चिकित्सकको व्यवस्था मिलाइनेछ । साथै अल्ट्रासाउण्ड तथा पोर्टेबल एक्स रे सेवा उपलब्ध हुने व्यवस्था मिलाएको छु ।
- आँखा शिविरको आयोजना गरी सम्पूर्ण नगरवासीको आँखा चेक गराई मोतिया बिन्दुको निशुल्क शल्यक्रिया गराई उपचार गरिनेछ ।
- नगरभित्रका गर्भवति महिलाहरुलाई सुरक्षित प्रसुती गराउन सेवाग्राही महिलालाई नीजको घरबाट नगरपालिका क्षेत्रभित्रका अस्पतालमा पुऱ्याने र अस्पतालबाट घर सम्म पुऱ्याउन निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएकोमा आगामि आ.व.मा पनि सो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला स्वंसेविकाहरुलाई प्रोत्साहन स्वरुप प्रत्येक महिना रु.१५०० उपलब्ध गराउँदै आएकोमारु. १५०० थप गरी आगामि आ.व.को श्रावण महिना देखि प्रति महिना रु. ३,०००। का दरले उपलब्ध गराइनेछ ।
- उमेर पुगेका प्रत्येक महिलाहरुलाई स्यानेटरी प्याड निशुल्क वितरण गरिनेछ । नगरभित्रका जुनसुकै स्वास्थ्य संस्थाबाट प्राप्त गर्न सक्ने व्यवस्था मिलाएको छु । विद्यालयमा अध्ययनरत छात्राहरुलाई सम्बन्धित विद्यालयबाटै स्यानेटरी प्याड निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएको छु । यस कार्यक्रमबाट महिलाहरुको प्रजनन् स्वस्थ्यमा टेवा पुग्ने विश्वास लिएको छु ।
- निजी क्षेत्र, ट्रष्ट, लोककल्याणकारी संघ संस्थाबाट स्वास्थ्य संस्था संचालनकोलागि दर्ता, नविकरण, स्वीकृति, अनुमतिको व्यवस्था मिलाई नियमन गरिनेछ ।

- प्राइभेट क्लिनिक तथा औषधी पसलहरुको नियमन गरिनेछ । नयाँ प्रविधिमा आधारित उपचार विधि भित्राउने स्वास्था संस्थालाई प्रोत्साहन गरिनेछ ।

**ग. खानेपानी तथा सरसफाई**

- मधेशकै नमुनाको रुपमा संचालनमा रहेको तेस्रो साना शहरी खानेपानीको मिटरको बिलमा जनतालाई सहयोग पुग्ने उद्देश्यले तेस्रो साना शहरी खानेपानी उपभोक्ता समिति कटहरियालाई थप अनुदानको व्यवस्था मिलाइने छ ।
- **"स्वच्छ शहर कटहरिया नगर"** को नारा अवलम्बन गर्दै कटहरिया नगरपालिका वडा नं.४ र ५ मा बर्षाको पानी व्यवस्थापनको लागि स्ट्रोम ड्रेनेज निर्माणको कार्यलाई तीव्रता दिन जोड दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्र सरसफाई योजना संचालन गरी फोहोर व्यवस्थापनको उचित व्यवस्था मिलाइने छ ।
- कटहरिया बजारको पानी निकासको लागि ढल निर्माणको कार्य यसै वर्ष शुरु गरिनेछ ।
- लामखुटेको प्रकोपबाट बचाउन प्रत्येक परिवारमा २/२ वटा मेडीकेटेड झुल (मछर जाली) वितरण गरिनेछ ।
- नगरपालिका भित्र रहेका घरपरिवारहरुको नीजि शौचालय नगरपालिकाबाटै निःशुल्क सफा गराइनेछ ।

**घ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- दलित तथा विपन्न वर्गहरुलाई व्यवस्थित बसोबासको लागी नमुनाको रुपमा छेदी चौकमा निर्माण भईरहेको दुई तले १३ वटा पक्की घर निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।
- दिनमा विवाह गर्ने केटी पक्षलाई रु. २० हजार र केटा पक्षलाई रु.१० हजार दिने कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- महिला सशक्तिकरणमा जोड दिइनेछ । सामाजिक समावेशीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**३. पूर्वाधार विकासतर्फ**

**क. सडक तथा पुल**

- "**सडक सञ्जालको विस्तार, समृद्धीको आधार**" भन्ने मान्यताको साथ विभिन्न सडकहरुलाई राष्ट्रिय राजमार्गसंग जोड्न सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि सडक निर्माण तथा बजारसंग कृषि सडक जोड्न आवश्यक ठाउँहरुमा पुल कलभर्ट निर्माण गरि न।पा।का सबै सडक संचालनमा जोड दिइनेछ ।
- नयाँ सकड ट्र्याक खोल्नुका साथै जीर्ण सडकको मर्मत सम्भार कार्यलाई प्राथमिकतामा राखिनेछ ।

## ख. सिंचाई तथा नदी नियन्त्रण

- खेत खेतमा पानी पु¥याउनका लागि नहर नपुगेको ठाउँमा डिप ट्यूवेल तथा स्यालो ट्यूवेलको व्यवस्था गरिनेछ ।
- निशुल्क सिंचाइको नीति अनुरुप विद्युतको कृषि मिटर वापत लाग्ने रकम नगरपालिकाले तिर्ने व्यवस्था गरेको छु ।
- वागमती सिचाइलाई प्राथमिकतामा राखी सबै वडामा कुलो निर्माण तथा सरसफाइमा विशेष जोड दिइनेछ ।
- बकैया नदी नियन्त्रण तथा तटबन्ध निर्माणको कार्य प्रभावकारी बनाइनेछ ।
- वैकल्पिक उर्जामार्फत सोलार ट्यूवेल जडानलाई विशेष ध्यानमा राखी आधुनिक सिंचाई प्रविधिमा जोड दिइनेछ ।

## ग. भवन तथा शहरी विकास

- भवन निर्माणको लागि भवन संहिता लागु गरिने छ तथा सोको नियम अनुसार सामुदायिक भवन तथा अन्य भवनहरु बनाउन जोड दिने छु ।
- नगरभित्र विभिन्न ठाउँमा प्रतिक्षालय वा सामुदायिक भवन तथा सार्वजनिक शौचालय निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- कटहरियामा एकीकृत सरकारी भवन निर्माणका लागि पहल गरिनेछ ।
- दलित तथा विपन्न वर्गको पक्की आवास निर्माणको लागि विशेष अनुदानको व्यवस्था मिलाइनेछ ।
- सुरक्षीत नागरिक आवास निर्माणको लागि प्रति घरपरिवार रु. ५०,००० का दरले ६२५ घरपरिवारलाई अनुदान रकम उपलब्ध गराइनेछ ।
- आवास विहिनलाई आवाशको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यमा तीब्रता दिइनेछ ।

## घ. सञ्चार

- नगरलाई फ्रि वाइफाइ सुविधाले सु-सम्पन्न बनाइनेछ । नगरभर फ्री वाइफाइ जडानको कार्यलाई तीव्रता दिइनेछ ।
- सरकारी कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहहरु लगायत सार्वजनिक स्थानहरुमा फ्रि इन्टरनेटको सुविधासहित प्रविधिमैत्री बनाइनेछ ।
- अनलाईन मार्फत सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ ।

## ङ. उर्जा

- **“उज्यालो सडक कार्यक्रम”** मार्फत नगरभरका विद्युतीय पोलहरुमा बत्ती जडान गरिनेछ ।
- नगरभित्रको विद्युत प्रशारण लाईनलाई व्यवस्थित एवं भरपर्दो बनाउन सम्पूर्ण ट्रान्सफर्मरको स्तरवृद्धि गरिनेछ ।

- विद्युत वितरणको कार्यलाई विस्तार गर्दै सिँचाईको लागि खेत खेतमा विद्युत प्रशारण पुऱ्याइनेछ ।
- अव्यवस्थित बिजुली पोलहरुलाई व्यवस्थित गरी जोखिम कम गर्नुका साथै सडक क्षेत्रको संरक्षण र वस्तीको सौन्दर्यता बढाउने नीति लिइनेछ ।
- बायो ग्यास प्लान्ट जडानमा जोड दिने नीति लिइनेछ ।

**४. वातावरण तथा विपद व्यवस्थापनतर्फ**

- यस नगरपालिकामा दाउराको अभाव तथा धुवाँबाट हुने प्रदुषणलाई ध्यानमा राखि चुल्हो धुवाँ मुक्त नगर घोषणा गर्दै एक परिवारमा एक ग्याँस चुल्हो वितरणको कार्यलाई निरन्तरता दिदै यसै वर्ष कटहरीयालाई नगरलाई **"धुवाँमुक्त चुल्हो नगरपालिका"** घोषणा गरिनेछ ।
- नगरमा हरियाली कायम राख्न एवं सुन्दरता बढाउन वृक्षारोपण कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- नियमित प्राकृतिक विपदको रुपमा रहेको बाढी, आगलगी र सीतलहरबाट बचाउन विशेष कार्यक्रम ल्याइनेछ र यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- नगरवासीलाई शीतलहरबाट बचाउनका लागि कम्बल वितरण गरिनेछ ।
- आगलागी नियन्त्रणका लागि वारुण यन्त्रको व्यवस्था गरिनेछ । यसका लागि छिमेकी नगरपालिकाहरुसँग सहकार्य गरी खरिद गर्न पहल गर्न विशेष जोड दिइनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह**

- कटहरिया बजारलाई व्यवथित गर्न टेन्डर गरी निर्माण कार्य गर्न पहल गरिनेछ ।
- नगरभित्रका सबै सरकारी कार्यालयहरुमा ई-हाजिरी जडान गरिनेछ ।
- नगरभित्रका बजार क्षेत्रमा सिसि क्यामरा जडान कार्यलाई विस्तार गरिनेछ ।
- विद्युत महसुल तथा मालपोतको शाखा कार्यालय सम्बन्धित सेवा स्थानिय स्तरमा नै संचालनका लागि विशेष पहल गरिने छ ।
- विद्यालय, स्वास्थ्य संस्थाहरु र सरकारी कार्यालयहरुमा इन्टरनेट तथा सिसि क्यामरा जडानको कार्यलाई विस्तार गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत पूर्वाधार विकासका साथै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गरिइने छ ।
- सुचना तथा संचारको प्रभावकारी व्यवस्थापनको लागि स्थानीय एफ.एम.हरुसँग समन्वय गरी नगरपालिकाका सुचनाहरुलाई प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाका सम्पूर्ण सुचनाहरुमा जनताको पहूँच पुर्याउन वेवसाइटलाई प्रभावकारी बनाइनेछ ।

## ६. वित्तिय व्यवस्थापन र सुशासनतर्फ

- प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्थाको निरन्तरता सहित प्रभावकारी बनाइनेछ ।
- वित्तिय अनुशासनलाई कडाइका साथ पालना गरिनेछ । वित्तिय जोखिम न्यूनीकरणको लागि वित्तिय जोखिम न्यूनीकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ ।
- नगरपालिकाको आर्थिक कारोबारलाई सरकारी मापदण्ड अनुरुप अनलाईन पद्धतिमा राखिनेछ ।
- अन्तिम लेखा परीक्षण र बेरुजु फछ्र्यौट तोकिएको समयमा सम्पन्न गर्ने नीति लिइनेछ ।

अन्त्यमा आजको यस पाँचौ बजेट अधिवेशनको गरिमामय समुद्घाटन समारोहमा उपस्थित भइ कार्यक्रमको शोभा बढाइदिनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अन्य अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकमीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !
२०७८ असार १० गते